
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख १८ गते मंगलबार ❑ 30 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## तेस्रो लगानी सम्मेलन समापन, महत्वपूर्ण उपलब्धि हासिल भएको दाबी

**रासस**
काठमाडौं, १७ बैशाख

सरकारले काठमाडौंमा आयोजना गरेको तेस्रो लगानी सम्मेलन, २०२४ समापन भएको छ । आइतबारदेखि सुरु भएको सम्मलेन सोमबार पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली र उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले समापन गर्नुभयो ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत तथा लगानी सम्मेलन सचिवालयका संयोजक सुशील भट्टका अनुसार सम्मेलनमा आठ सयभन्दा बढी विदेशी प्रतिनिधिसहित दुई हजार पाँच सयभन्दा बढी व्यक्तिको सहभागिता रहेको बताउनुभयो । सम्मेलनबाट नेपालमा लगानीका लागि महत्वपूर्ण प्रतिबद्धता प्राप्त भएको उहाँले दाबी गर्नुभयो । “तेस्रो लगानी सम्मेलनमा प्रदर्शन गरेका परियोजनाहरूमा संसारभरका व्यवसायी, उद्यमी र लगानीकर्ताबाट अत्यधिक चासो प्राप्त गरेका छौँ । ऊर्जा, सूचना प्रविधि, पर्यटन र पूर्वाधारजस्ता क्षेत्रहरूमा हाम्रा प्राथमिकता र सम्भावित परियोजना प्रदर्शन गरेर नेपाललाई एक रुचाइएको तथा आकर्षक लगानी गन्तव्यका रूपमा प्रस्तुत गर्न सफल भएका छौँ”, भट्टले भन्नुभयो, “आशयपत्र माग गरिएका १९ र मार्केट साउन्डका नौ परियोजनासहित कूल एक सय ५४ परिरयोजना प्रस्तुत गरिएको थियो । यसबाहेक विभिन्न चरणमा रहेका अरू परियोजना पनि प्रदर्शन गरेका छौँ ।” सम्मेलनका क्रममा लगानीकर्ताहरूसँग महत्वपूर्ण छलफल भएको पनि प्रमुख कार्यकारी अधिकृत भट्टले बताउनुभयो । “प्रधानमन्त्री र अर्थमन्त्रीसँग लगानीकर्ताको प्रत्यक्ष छलफल र साक्षात्कार भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग मात्र एक दर्जनभन्दा बढी प्रत्यक्ष बैठक बसेका छन्”, उहाँले भन्नुभयो, “विश्व बैङ्क समूह, चीन, भारत, कुवेत, युएई, बेलायत र अमेरिकाका प्रतिनिधिले सहयोगका क्षेत्रहरूमा छलफल गरी नेपालमा लगानीका अवसरहरू खोज्न चासो व्यक्त गरेका छन् ।”

यो सम्मेलनबाट स्वदेश तथा विदेशका लगानीकर्ताले नेपाल लगानीको आकर्षक गन्तव्यका रूपमा स्वीकार गरेको जिकिर पनि प्रमुख कार्यकारी अधिकृत भट्टले गर्नुभयो । लगानीकर्ताहरू नेपालमा लगानीका अवसरहरू खोज्न इच्छुक रहेको पनि उहाँको भनाइ छ । “लगानी सम्मेलका क्रममा सार्वजनिक निजी साझेदारी अवधारणालाई अगाडि बढाउन लागि समझदारीपत्रसहित करिब एक दर्जन समझदारीमा हस्ताक्षर भएको छ । यसबाहेक ३० भन्दा बढी विदेशी प्रतिनिधिमण्डलले विभिन्न सम्बन्धित मन्त्रालयका मन्त्रीहरूसँग छुट्टाछुट्टै भेटघाट गरेका छन्”, उहाँले भन्नुभयो ।

सम्मेलनका क्रममा आयोजना भएका विभिन्न सत्रले नेपालको लगानी परि दृश्य उजागर गरेका गरेको उहाँको भनाइ छ । “सम्मेलनका क्रममा पहिचान र सृजना भएका व्यावसायिक अवसरले अन्तर्राष्ट्रिय बजारमा नेपालको प्रचुर सम्भावना पेस गरेको छ । लगानीसम्बन्धी ऐनमा सुधारका लागि अन्तर्राष्ट्रिय तथा स्वदेशी लगानीकर्ताहरूको निरन्तर चासो र अनुरोधलाई सम्बोधन गर्न सरकारको प्रतिबद्धतालाई ध्यानमा राख्दै सरकारले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐनलगायत लगानीसम्बन्धी ऐन संशोधन गरेको छ भन्ने सन्देश हामीले दिएका छौँ,” भट्टले भन्नुभयो, “सम्मेलनको माध्यमबाट विश्व लगानी समुदायका लागि नेपालमा उपलब्ध प्रचुर सम्भावनामा लगानी आकर्षित गर्ने क्षमता मात्र होइन, सुधारिएको लगानीको वातावरण पनि प्रदर्शन गरेका थियौँ ।” समापन सत्रमा पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पाटी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेपालको विकास र समृद्धिको साझा आकाङ्क्षा पूरा गर्नका लागि लागि सबै राजनीतिक दलको साझा प्रतिबद्धता रहको बताउनुभयो । नेपाल लगानीका लागि नयाँ गन्तव्यका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्नुहुँदै उहाँले लगानीको सुरक्षा प्रत्याभूतिका लागि नेपाल सधैँ प्रतिबद्ध रहेको बताउनुभयो । नयाँ नीति र लगानीका सम्भावनाबारे लगानीकर्तालाई विस्तृतमा जानकारी दिन यो सम्मेलन सफल भएको धारणा उहाँले राख्नुभयो । समापन सत्रमा बोल्नुहुँदै उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले लगानी वातावरण बनाउनका लागि नेपालले गरेका नीतिगल सुधारबारे लगानीकर्तालाई जानकारी दिन र उनीहरूका सुझाव तथा प्रतिक्रिया लिन यो सम्मेलन सफल भएको बताउनुभयो । सम्मेलनमार्फत सरकार र प्रतिपक्ष दलबाट पनि नेपालमा लगानी वातावरण सुधारका लागि उच्च राजनीतिक प्रतिबद्धता प्राप्त भएको बताउनुभयो ।

नेपाल लगानीका लागि उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश गएको उल्लेख गर्नुभयो । “आर्थिक विकास र समृद्धिका लागि सरकार प्रतिबद्ध रहेको सन्देश दिन सफल भएका छौँ । लगानीको समग्र पार स्थितिक प्रणालीमा सहजीकरण गर्न, लगानीको सुरक्षा प्रत्याभूति तथा सजिलै लगानी फिर्ता लैजाने वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको छ”, उहाँले भन्नुभयो । सबै लगानीका क्षेत्रमा समन्वय र सहजीकरणका लागि सरकारका तर्फबाट प्रतिबद्धता पनि उहाँले जनाउनुभयो ।

## गण्डकी सरकार गठनविरुद्धको रिट खारेज

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

सर्वोच्च अदालतले गण्डकी सरकार गठनविरुद्ध परेको रिट खारेज हुने ठहर गरेको छ । न्यायाधीशद्वय सपना प्रधान मल्ल र सारङ्गा सुवेदीको इजलासले सोमबार उक्त रिट खारेज हुने आदेश गरेको हो ।

अदालतको आदेशसँगै उक्त प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीलाई सरकार विस्तार गर्न र विश्वासको मत लिन सहज भएको छ । नेपाली कांग्रेसका संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री सुरेन्द्र पाण्डेले मुख्यमन्त्री अधिकारीले सभामुखलाई समेत जोडेर बहुमत बनाउनु असंवैधानिक भएको भन्दै रिट निवेदन दायर गर्नुभएको थियो ।

आदेशमा भनिएको छ, “मुख्यमन्त्री बहुमत रहे नरहेको बहुमतको वैधानिकता परीक्षण प्रदेश सभाबाटै गर्न संवैधानिक, व्यावहारिक र अन्तिम विकाल्प हुँदा सो विकल्पको बाटोमा प्रयोग नभई अपरिपक्वताको अवस्थामा देखिँदा रिट निवेदनको मागबमोजिम आदेश जारी गरिरहन पर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ ।”

गत २५ चैत २०७९ मा एमाले संसदीय दलका नेता खगराज अधिकारीले आफूलाई एमाले, माओवादी केन्द्र र स्वतन्त्र उम्मेदवार दीपक मनाङेको समर्थन रहेको भन्दै प्रदेश प्रमुखसमक्ष दाबी पेस गर्नुभएको थियो । सोही आधारमा प्रदेश प्रमुख डिल्लीराज भट्टले उनलाई मुख्यमन्त्री नियुक्त गर्नुभएको थियो । कांग्रेस नेता पाण्डेले माओवादी संसदीय दलभित्र सांसदको गणना गर्दा सभामुख कृष्ण धितालको पनि गणना भएको भन्दै यो संविधान विपरीत हुने दाबी गरेर रिट निवेदन दायर गर्नुभएको थियो । उक्त रिट निवेदन सर्वोच्च अदालतले खारेज गरेको छ ।

## डढेलोका घटना रोकथाम र नियन्त्रणमा लाग्न मुख्यमन्त्रीको अधिकारीको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले सुक्खा मौसमसँग फैलिरहेको डढेलो र त्यसले गराएको वातावरणीय प्रदूषणप्रति चिन्ता व्यक्त गर्नुभएको छ ।

मुख्यमन्त्री अधिकारीले आज एक अपिल जारी गर्दै आगलागी र डढेलोका घटना रोकथाम र नियन्त्रणमा सचेत भएर लाग्न आग्रह गर्नुभएको छ । डढेलोले पर्यावरण, जडीबुटी, वन पैदावार, चराचुरुङ्गी, वन्यजन्तु, पुनरुत्पादित साना बिरुवामा अपूरणीय क्षति हुनाका साथै जैविक तथा पर्यावरणीय क्षति बढाउँदै जनजीवनमा प्रत्यक्षरुपमा नकारात्मक असर पारेको मुख्यमन्त्री अधिकारीले अपिलमा उल्लेख गर्नुभएको छ ।

वनजङ्गलमा रहेका खानेपानीका पाइपलाइनमा नोक्सानी पुऱ्याउनाका साथै वन जङ्गलसँग जोडिएका बस्तीमा थप जनधनको क्षति हुनसक्ने सम्भावना बढाएको उल्लेख गर्दै उहाँले सुक्खा तथा हावाहुरी चल्ने यस मौसममा आगलागी र डढेलोको उच्च जोखिम रहेको सतर्कताका लागि प्रदेश सरकारको ध्यानाकर्षण भएको जनाउनुभएको छ ।अपिलमा भनिएको छ, 'आफ्नो क्षेत्रको पर्यावरण संरक्षण गरी मानवीय अस्तित्वको रक्षा गर्नु सबैको दायित्व र कर्तव्य भएकाले आगलागी, डढेलोका घटना रोकथाम र नियन्त्रण गर्नका लागि सचेत हुनुपर्दछ । ”डढेलो लागेमा सम्बन्धित निकायलाई यथासक्य चाँडो खबर गर्न उहाँले आग्रह गर्नुभएको छ । गण्डकी प्रदेशका विभिन्न जिल्लामा हालसम्म चार सय ६७ स्थानको आठ हजार दुई सय ७७ हेक्टर क्षेत्रफलमा डढेलो लागिसकेको जनाइएको छ ।

## च्याउखेतीमा प्रविधिको प्रयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

पोखरा महानगरपालिका-११ मा ध्रुवबहादुर थापाले काहुँ सिस्नेरी एग्रो फर्म सञ्चालन गर्नुभएको केही समय मात्रै भयो । विगतमा खाद्यान्न आपूर्तिको काम गर्ने उहाँले व्यावसायिक च्याउखेतीप्रतिको आकर्षण भने कोरोना कहरको समयदेखि सुरु गर्नुभएको हो ।

कोरोनाकालीन समयमा आएको व्यावसायिक च्याउखेतीको सोचलाई व्यवहारमा नै उतार्नुभएका थापाले २०७४ देखि नै त्यसका लागि अध्ययन एवं अन्य प्रक्रियागत काम सुरु गर्नुभएको थियो ।

उहाँले चिस्यानसहितको आधुनिक प्रविधियुक्त टनेलमा हाल च्याउखेती गरिरहनुभएको छ । यसका लागि चीनबाट सामान ल्याउनुभएको छ । विसं २०७७ फागुनमा निर्माणका काम सकेपछि च्याउखेती थालिएको र चिस्यानसहितको हाइटेक प्रविधिको टनेल तयार गर्न करिब रु ५० लाख खर्च भएको उहाँको भनाइ छ । थापाले उत्पादन राम्रो हुँदाका अवस्थामा दैनिक करिब पाँच सय किलोग्रामसम्म गोब्रे च्याउ टिप्दै आउनुभएको छ । कन्ये च्याउ सामान्य टहरामा उत्पादन गर्न सकिए पनि गोब्रे च्याउ भने हाइटेक प्रविधि जडित टनेलभित्र नै गर्नुपर्ने उहाँको अनुभव छ । आफूले उत्पादन गरिरहेको च्याउको खपत पोखरामा नै हुने गरेको उहाँले सुनाउनुभयो ।

टनेलबाट यस याममा तीन हजार किलोग्राम च्याउ उत्पादन भइसकेको जानकारी दिँदै उहाँले थप एक हजार किलोग्राम उत्पादन हुने अनुमान गरिएको बताउनुभयो । उहाँले च्याउ रु दुई सय ७० मा बिक्री गर्दै आउनुभएको छ । खुद्रा बजारमा भने रु तीन सयदेखि तीन सय २५ सम्म च्याउ बिक्री भइरहेको उहाँको भनाइ छ । थापाको च्याउखेती फर्ममा हाल तीन जनाले प्रत्यक्ष रोजगारी पाएका छन् भने थप पाँच जनाले आवश्यकताअनुसार रोजगारी पाइरहेका छन् । च्याउ टिप्ने बेलाका समयमा भने १२/१३ जना कर्मचारीलाई प्रतिघण्टाका आधारमा पनि काममा लगाइने उहाँले जानकारी दिनुभयो ।

महानगरपालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत च्याउ पकेट कार्यक्रमका लागि गत आर्थिक वर्षमा थापासहित तीन जना च्याउ उत्पादक कृषक रकम उपलब्ध गराइएको थियो । जसमा संरचना निर्माण, मल, बीउलगायतका लागि ५० प्रतिशत अनुदानस्वरुप रु १२ लाख उपलब्ध गराएको थियो । चालु आर्थिक वर्षमा उक्त कार्यक्रमको निरन्तरता दिँदै थापाको काहुँ सिस्नेरी एग्रो फर्मलाई ५० प्रतिशत अनुदानस्वरुप रु छ लाख उपलब्ध गराइएको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो ।

**च्याउका फाइदा ?**

बहुपोषणयुक्त च्याउमा ३५ प्रतिशत प्रोटिन पाइन्छ भने क्यालोरी तथा चिल्लो पदार्थको मात्रा कम हुन्छ । यसमा एर्गो थियोनिन भन्ने तत्व हुन्छ जसले चाउरीपना हटाउनुका साथै छालाको सुरक्षा गर्दछ । यसमा एन्टी अक्सिडेन्ट प्रशस्तमात्रामा पाइन्छ । रोग प्रतिरोधात्मक क्षमता हुने च्याउमा भिटामिन डि प्राप्त हुन्छ भने निकै कममात्रामा कार्बोहाइड्रेड हुन्छ । नियमितरुपमा च्याउ खानाले उच्च रक्तचाप, सुगरआदिको नियन्त्रण गर्न मद्दत पुग्दछ भने क्यान्सरको जोखिम कम गर्नुका साथै तौल घटाउन पनि उपयोगी मानिन्छ ।

**महानगरको सहयोग**

पोखरा महानगरपालिका कृषि महाशाखाले व्यावसायिक कृषिमा क्रियाशील कृषकलाई केही न केहीरुपमा सहयोग गरिरहेको महाशाखा प्रमुख मनोहर कडरिया बताउनुहुन्छ । पोखरा पर्यटकीय क्षेत्र भएका कारण यहाँ च्याउको खपत राम्रै हुने उहाँको भनाइ छ । च्याउको माग पनि बढ्दो भएकाले यसको विविधीकरण गर्नुपर्छ भन्ने महानगरको सोच रहेको उहाँले बताउनुभयो ।

उहाँका अनुसार मूल्यका दृष्टिले सीताके च्याउ सबैभन्दा महंगो पर्छ भने गोब्रे र कन्ये च्याउ त्योभन्दा सस्तोमा पाइन्छ । किसानले राम्रो मूल्य पाउनुका साथै उपभोक्ताले फरक स्वाद पाउन सकुन् भन्ने सोचका साथ च्याउको विविधीकरणलाई आफूहरूले जोड दिएको उहाँको भनाइ छ । सुरुमा कन्ये च्याउको उत्पादन राम्रो भएको बताउँदै उहाँले उक्त च्याउ भने प्लाष्टिकका टनेलमासमेत उत्पादन गर्न सकिने जानकारीदिनुभयो।महानगरपालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गतको च्याउ पकेट कार्यक्रमबाट काहुँ सिस्नेरी एग्रो फर्मलाई सहयोग गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार महानगरपालिकाले च्याउ उत्पादक कृषकको हितलाई दृष्टिगत गर्दै कन्ये च्याउका लागि रु एक सय ३० र गोब्रे च्याउका लागि दुई सय ६० न्यूनतम समर्थन मूल्य पनि तोकिसकेको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# रियाको पहिलो शतक : कालिका र सिद्ध विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजना तथा महानगर क्रिकेट संघ पोखराको संयोजनमा पोखरा रंगशालामा जारी कंगारु एजुकेशन फाउण्डेशन टी-ट्वान्टी छात्रा क्रिकेट प्रतियोगिता अन्तर्गत सोमबारका खेलहरुमा सिद्ध मावि र कालिका मावि विजयी भएका छन् ।




पहिलो खेलमा सिद्धले लक्ष्मी माविलाई ६९ रनले पराजित गरेको हो । पहिला व्याटिङ गरेको सिद्धले पुरा २० ओभरमा ७ विकेट गुमाएर १ सय ३१ रन बनाएको थियो । उसका लागि रचना चौधरीले ४८ रन हानिन् । एलिना श्रेष्ठले ११ रन बनाइन् । लक्ष्मी माविको बलिङमा सुनिता घिसिङले २ तथा सुप्रिया गुरुङले १ विकेट लिइन् । १ सय ३१ रनको लक्ष्य पाएको लक्ष्मी माविले १२.४ ओभरमा ६२ रनमै सम्पूर्ण विकेट गुमाउन पुग्यो । लक्ष्मीका प्रिति भट्टराईले १० तथा मोनिका जैसवालले ७ रन बनाए । सिद्धका बलर रचना चौधरीले २ रन खर्चिएर ७ विकेट लिइन् । सुसिला दिमडुङले २ रन खर्चिएर ४ विकेट लिइन् । खेलमा रचना सिपको साथी कफी क्लास प्लेयर अफ द म्याच भइन् ।

अर्को खेलमा कालिकाले सिर्जना माविलाई १ सय ४१ रनले पराजित गर्यो । पहिला व्याटिङ गरेको कालिकाले २० ओभरमा २ विकेट गुमाएर २ सय २३ रनको विशाल योगफल तयार पारेको थियो । सो खेलमा कालिकाकी रिया गुरुङले प्रतियोगिताकै पहिलो शतकिय पारी खेल्दै अभिजित १ सय १ रन प्रहार गरिन् । कृष्टा तिलिजा पुनले ३६ रन बनाइन् । सिर्जनाका बलर सुस्मिता पौडेलले १ विकेट लिइन् । प्रत्युत्तरमा सिर्जनाको पारी ८२ रनमै समेटियो । कालिकाकी बलर श्रद्धा गुरुङले ५ तथा पूर्णिमा गुरुङ र अञ्जना सिंखडाले समान २ विकेट लिए । खेलमा प्रतियोगिताकै पहिलो शतर प्रहार गरेकी रिया गुरुङ सिपको साथी कफी क्लास प्लेयर अफ द म्याच भइन् ।

# महेन्द्र मा.वि.मा रुद्रमधु गोविन्द अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

पोखरा महानगरपालिका वडा नं २० स्थित महेन्द्र माध्यमिक विद्यालयमा एक लाख ११ हजार १११ रुपैयाँको रुद्रमधु गोविन्द अक्षयकोष स्थापना गरिएको छ ।

विद्यालयका पूर्व शिक्षक समाजसेवी स्व.गोविन्दप्रसाद पौडेल र उहाँका बुबाआमा स्व.रुद्रनाथ पाध्या र स्व.मधुमायाको स्मृतिमा परिवारजनका तर्फबाट विद्यालयको ६४ औं वार्षिकोत्सवका अवसरमा अक्षयकोष स्थापना गरिएको हो । गरिब तथा जेहेन्दार विद्यार्थीलाई अक्षयकोष रकमको ब्याजबाट प्रोत्साहन छात्रबृत्ति प्रदान गरी विद्यालयले सञ्चालन गर्ने उक्त अक्षय कोषको संरक्षक बेदकुमारी पौडेल रहनुभएको छ भने संस्थापकद्वयमा महेश पौडेल र सुजनबाबु पौडेल रहनुभएको छ । बुबा गोविन्दप्रसाद पौडेलले ३५ वर्ष महेन्द्र मा.वि.मा अध्यापन गराउनुभएको र आँफूहरू चारजना दाजुभाइ दिदीबहिनी समेतले यसै विद्यालयमा अध्ययन गरेको बताउँदै अक्षयकोषका संस्थापक महेश पौडेलले बुबासँगै हजुरबुबा र हजुरआमा समेतको स्मृतिमा अक्षयकोष राखिएको जानकारी दिनुभयो । स्व.पौडेल शिक्षण पेशाबाट अवकाश पछि पनि सो विद्यालयको ब्यवस्थापन समितिको सदस्य, भवन निर्माणको समितिको संयोजक लगायतका जिम्मेवारी समेत निर्वाह गर्नुभएको थियो ।



व्रह्माण समाज नेपालको पूर्व केन्द्रीय सदस्य, विश्व हिन्दु परिषद् कास्कीको पूर्व सल्लाहकार, फामर्स फोरा कास्कीको संस्थापक अध्यक्ष, पौडेल आत्रेय समाज भलामको उपाध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठनलगायत विभिन्न सामाजिक संस्थामा रही सामाजिक सेवाका क्षेत्रमा पौडेल कृयाशिल हुनुहुन्थ्यो । २००८ साल वैशाख १७ गते जन्मनुभएका स्व.पौडेलको आज ७४ औं जन्मजयन्ती हो ।

# होमस्टे महासंघ गण्डकीको प्रशिक्षक प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

होमस्टे महासंघ गण्डकीको सात दिने प्रशिक्षक प्रशिक्षण आइतबारदेखि पोखरामा शुरु भएको छ ।



उक्त प्रशिक्षणको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो। पौडेलले होमस्टे संचालकहरूको स्थानिय पर्यटन प्रबर्द्धनमा महत्त्वपूर्ण भुमिका रहेको उल्लेख गर्दै आन्तरिक पर्यटन प्रबर्द्धनका काममा योजनाबद्ध तवरले लाग्न आग्रह गर्नुभयो । पौडेलले स्थानिय उत्पादनको प्रयोगमा जोड दिन आग्रह गर्दै स्थानिय कला संस्कृतिको पहिचान, संरक्षण र प्रचार प्रसार संगै स्थानिय गन्तव्यहरूको उचित सम्भार र बिकासका कार्यक्रम संचालन आजको टड्कारो आबश्यकता भएको भन्दै स्थानिय तहहरूले सोही अनुसार नीति कार्यक्रम निर्माण गर्न आग्रह गर्नुभयो ।

उद्घाटन कार्यक्रममा होमस्टे महासंघका केन्द्रिय उपाध्यक्ष थानेश्वर बस्याल, महासंघकै केन्द्रिय महासचिव कृष्णलाल चौधरी, होमस्टे महासंघ गण्डकीका सचिब कृष्ण तिमिल्सिना, भुम्दी आमा समुहका अध्यक्ष राधा गुरुङ, भुम्दी टुनार सामुदायिक होमस्टेका अध्यक्ष राम गुरुङ सहितले मन्तव्य व्यक्त गर्नु भएको थियो। होमस्टे महासंघ गण्डकीका अध्यक्ष धनिराम गैर्हेको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा स्वागत उपाध्यक्ष मोहन खनाल र संचालन होमस्टे महासंघ गण्डकीका निबर्तमान अध्यक्ष हरिलाल पौडेलले गर्नुभएको भुम्दिका स्थानिय होमस्टे संचालक याम गुरुङले जानकारी दिनुभयो ।

# उच्च गतिको विद्युत् प्रवाह हुँदा ६० घरमा क्षति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घरमा आइतबार उच्च गतिको विद्युत् प्रवाह हुँदा ६० घरमा क्षति पुगेको छ ।

उच्च गतिको विद्युत् प्रवाह हुँदा घारको ओडारे, भुवानीथान, भुन्या, इदार र बिरौटा टोलका केही घरमा क्षति भएको हो । विद्युत्को मुख्य र वितरण लाइन हावाले छोएपछि उच्च गतिको विद्युत् प्रवाह भएर स्थानीयवासीका घरमा जडान गरिएका मिटरबक्स, टेलिभिजन, कम्प्युटर, फ्रिज, मोबाइल, ल्यापटपलगायत उपकरणमा क्षति पुगेको वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो । भुन्या टोलका जितबहादुर बरुवालको पसल जलेर रु १० लाखभन्दा बढीको क्षति भएको छ । उहाँले भन्नुभयो, "वडाका जनप्रतिनिधि र प्रहरीको टोलीले ६० घरमा क्षति पुगेको विवरण सङ्कलन गरेको छ ।" पाँच कुटानीपिसानी मिल र घरमा राखिएको मिटरबक्स जलेर क्षति भएको छ । पाँच जना करेन्ट लागेर सामान्य घाइते भएका छन् । एक जनालाई उपचारका लागि बेनी अस्पताल पठाइएको वडाध्यक्ष खड्काले बताउनुभयो । नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रले विद्युत् सर्ट हुनुको कारणबारे अध्ययन भइरहेको जनाएको छ । केन्द्रका प्रमुख प्रताप बरालले लाइन बन्द गरिएको र मर्मतका लागि सोमबार बिहानै प्राविधिक टोली पठाउने बताउनुभयो । घार, शिख र घोडेपानी क्षेत्रमा विद्युत् अवरुद्ध भएको छ । घारको मुक्तिमार्ग माविका प्रधानाध्यापक ठगराज बरुवालले विद्युत् प्राधिकरणले समयमै प्रसारण र वितरण लाइन मर्मत नगर्दा क्षति बेहोर्नुका साथै विद्युतीय दुर्घटनाको जोखिम बढेको बताउनुभयो ।

# म्याग्दी र मुस्ताङका पर्यटकीय स्थानमा भीड

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ बैशाख

म्याग्दी र मुस्ताङका पर्यटकीय तथा धार्मिक स्थलमा आन्तरिक तथा बाह्य पर्यटकको भीड लागेको छ ।

देशका विभिन्न ठाउँबाट आन्तरिक पर्यटक म्याग्दीका घोडेपानी र पुनहिल, तातोपानीतथामुस्ताङकोमुक्तिनाथ, जोमसोम, कागवेनीलगायतका क्षेत्रमा आएका छन् ।

पाहुनाका कारण पर्यटकीय क्षेत्रका होटल खचाखच भरिएका छन् भने सडकमा सार्वजनिक र निजी यातायातका साधन बाक्लै गुडेका बेनीको प्रवेश नाका कालीपुलस्थित ट्राफिक प्रहरीले जनाएको छ । म्याग्दीको पर्यटकीयस्थल पुनहिलबाट सूर्योदयको अवलोकन गर्न दैनिक तीन सयदेखि चार सयसम्म पर्यटक जाने गरेका घोडेपानीका होटल व्यवसायी मिना पुनले बताउनुभयो । स्थलमार्गबाट मुस्ताङ जाने पर्यटकका लागि बेनी प्रवेशद्वारसमेत भएको हुनाले मुस्ताङ जाने पर्यटकको भीड बेनीमा देख्न सकिन्छ । घोडेपानी टोल सुधार समितिका संयोजक विरेन गर्बुजाका अनुसार नयाँ वर्ष २०८१ को सुरुआतसँगै आन्तरिक तथा बाह्य पर्यटकको घोडेपानी र पुनहिलमा भीड लागेको छ । मुस्ताङमा पनि आन्तरिक तथा बाह्य पर्यटक बढेका पर्यटन तथा होटल व्यवसायीले बताएका छन् । मुस्ताङको मुक्तिनाथ, जोमसोम, लेते र उपल्लो मुस्ताङको लोमान्थाङमा पर्यटकको लर्को लागेको जोमसोमका व्यवसायी नवीन शेरचनले बताउनुभयो । चितवनको क्षेत्रपुरबाट म्याग्दीको घोडेपानी, पुनहिल, तातोपानी र मुस्ताङको भ्रमणमा आउनुभएका सागर श्रेष्ठ, मनिका श्रेष्ठ, सलिन काफ्लेलगायत उहाँको समूहका १५ युवा युवतीले पाँच दिनसम्म म्याग्दी र मुस्ताङका पर्यटकीय तथा धार्मिक क्षेत्रको भ्रमण गरेर शनिबार बेनी फर्किएको र यहाँ एक रात बसेर बागलुङ तथा कुश्माका पर्यटकीय क्षेत्रको घुमफिर गरेर मात्रै चितवन जाने जानकारी दिनुभयो ।

केही दिनयता बेनीमा आन्तरिक पर्यटकको आगमन साविककोभन्दा उल्लेख्यरुपमा बढेको बेनीका होटल व्यवसायीले बताएका छन् । वैशाख पहिलो सातादेखि नै म्याग्दीमा साविककोभन्दा पर्यटक बढी आएका र अधिकांश ठूला होटल भरिभराउ भएको होटल व्यवसायी बाबुराम आचार्यले जानकारी दिनुभयो ।


पहिला नेपाली र भारतीय पर्यटकको रोजाइ बनेको मुक्तिनाथ मन्दिर सोझै गएर फर्कने चलन थियो । पछिल्ला वर्षमा मुक्तिनाथ पुगेका पर्यटक बेनी, बागलुङ कालिका र पञ्चकोटमासमेत पुग्ने गरेकाले यस क्षेत्रको पर्यटकीय विकासमा थप सहयोग पुगेको उहाँको भनाइ थियो ।

# सगरमाथाको चौथो शिविरसम्म बाटो खुल्यो

**रासस**
काठमाडौं, १७ बैशाख

सन् २०२४ को वसन्त याममा सगरमाथा हिमाल आरोहणका लागि चौथो शिविर (७९५० मि.) सम्म बाटो खुलेको छ ।

पर्यटन विभागका अनुसार सगरमाथा आरोहणका लागि डोरी टाँग्ने 'रोपफिक्सिङ' को काम चौथो शिविरसम्म सम्पन्न भएको छ । मौसमले साथ दिए वैशाख २८ गते (मे १० तारिख) देखि सगरमाथा आरोहण हुने विभागको अनुमान छ । विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङका अनुसार मौसमले साथ दिए रोपफिक्सिङ टोली केही दिनमै चुचुरोसम्म पुगेर डोरी टाँग्नेछन् र वैशाखको २८ देखि आरोहण सुरु हुनेछ छ । यसअघि आधार शिविरदेखि दोस्रो शिविरसम्म आइसफल डाक्टरको टोलीले बाटो बनाईसकेको थियो । 'यो याममा सगरमाथालगायत ल्होत्से हिमालमा दोस्रो शिविर (क्याम्प २) देखि चुचुरोसम्म रोपफिक्सिङको जिम्मेवारी पर्वतारोहण सञ्चालक सङ्घ नेपालको व्यवस्थापनमा सेभेन समिट ट्रेक्स प्रालिलाई दिएको र आइतबार रोप फिक्सिङ टोलीले चौथो शिविरसम्म डोरी टाँग्ने काम सम्पन्न भएको छ' विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ । विभागका अनुसार सगरमाथा आरोहणका लागि हालसम्म ३७ आरोही समूहका ७० महिला र तीन सय २० पुरुष गरी कूल तीन सय ९० आरोहीले आरोहण अनुमति लिएका छन् । सगरमाथा आरोहणबाट मात्रै रु ५५ करोड ८५ लाख ४४ हजार चार सय ४९ रोयल्टी जम्मा भएको छ । निर्देशक गुरुङले सगरमाथा आरोहणमा उत्साहवर्द्धक रूपमा आरोही आइरहेको बताउँदै अझै दुई/चार आरोही समूहले अनुमति लिनसक्ने बताउनुभयो । अहिले विभागबाट धमाधम आरोहीले अनुमति लिइरहेका छन् ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा
जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- बिदुरनीति

## सम्पादकीय

# सर्वोच्चले खगराजलाई बैधता

गण्डकी प्रदेश सरकारविरुद्धको रिट सर्वोच्च अदालतले खारेज गरिदिएको छ। सभामुखसमेतलाई गनेर नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारी गत चैत २५ गते मुख्यमन्त्री नियुक्त भएपछि नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेले चैत २७ मा रिट दायर गरेका थिए। उनको रिटमा वैशाख २८ गते सर्वोच्चले जारी गरेको अन्तरिम आदेशबाट अधिकारीको सरकार काम चलाउ भएको थियो।

सोमबार न्यायाधीशद्वय सपनाप्रधान मल्ल र शारंगा सुवेदीको संयुक्त इजलासले पाण्डेको रिटसँगै अन्तरिम आदेश पनि खारेज गरिदिएको छ। "सभामुखको पद तटस्थ र स्वतन्त्र रहने पद नै हो। प्रदेशसभाको निर्वाचित सदस्यमा निजको नाम रहेता पनि राजनैतिक फाइदा बेफाइदाको गणनामा निजलाई प्रयोग गर्न मिल्ने देखिँदैन। प्रदेश सभामुख आफूले मुख्यमन्त्रीको दाबीमा हस्ताक्षर नगरेको र आफू सोमा सहभागी पनि नरहेको भनी सार्वजनिक घोषणा समेत गरेको देखिन्छ," आदेशमा भनिएको छ, "गण्डकी प्रदेशको जम्मा प्रदेशसभा सदस्य ६० जना रहेको र प्रत्यर्थी माननीय खगराज अधिकारीको दाबीमा नेकपा (माओवादी केन्द्र)को सदस्य संख्यामा सभामुखलाई गणना नगर्दा पनि प्रदेशसभा सदस्य ५९ जनामा ३० जनाको संख्या पुगेको देखिन्छ।"

प्रदेशसभामा सभामुख बाहेक तत्काल कायम रहेको सदस्य संख्या सभामुखसहित गणना गर्ने प्रचलन छ। तर, सर्वोच्चले त्यसलाई अलग ढंगले व्याख्या गर्दै अधिकारीको पक्षमा बहुमत रहेको फैसला गरेको छाजोर संख्या भएकोमा आइपर्ने समस्यालाई सर्वोच्चले तत्कालको लागि समाधान गरिदिएको छ। "सभामुखलाई गणना नगर्दा पनि दलहरूको समर्थनमा माननीय खगराज अधिकारीको बहुमत प्राप्त गर्न सक्ने दाबी समर्थित देखिन्छ," फैसलामा भनिएको छ। प्रदेश सभामा २७ सदस्य भएको काङ्ग्रेस संसदीय दलको नेता सुरेन्द्र प्रसाद पाण्डेले अन्य दलले समर्थन नदिएको अवस्थामा बहुमतको दाबी नपुग्ने देखेर राजिनामा दिएका थिए।त्यसपछि समर्थन गर्न कोही नआएको अवस्थामा फेरि मुख्यमन्त्री दाबी गर्नु अनुचित हो।

फैसलाले प्रदेश प्रमुखले हतास मानसिकता देखाएर हतारमा मुख्यमन्त्री नियुक्त गरेको भन्दै आफूले दिएको समयसीमा नकुर्नुलाई सूचनाकै पवित्रताको मर्यादा नराखेको न्यायिक टिप्पणी पनि गरेको छ। रिटकर्ता पाण्डेले अधिकारीका पक्षमा बहुमत नरहेकाले स्वतः संविधानको धारा १६८(३) अनुरूप मुख्यमन्त्री नियुक्तिको आदेश मागेकोमा सर्वोच्चले दाबी नपुग्ने फैसला गर्दै रिट खारेज गरेको छ। सर्वोच्चले वर्तमान मुख्यमन्त्रीले विश्वासको मत नपाए संविधानको धारा १६८(३) अनुसारको सरकार स्वतः बन्ने पनि फैसलामा उल्लेख गरेको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# यस वर्ष तनहुँमा सोह्र योजना कार्यान्वयनमा आएनन्

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ बैशाख

चालु आर्थिक वर्ष तनहुँमा सोह्रवटा योजना कार्यान्वयनमा आउन सकेका छैनन्। योजनाको नाम फरक परेका, विवाद भएका र बजेट सुनिश्चित नभएका योजना कार्यान्वयनमा नआएको हो।

सडक योजना अन्तर्गत आठ र झोलुङ्गे पुल आठ वटाको निर्माण रोकिएको पूर्वाधार विकास कार्यालय तनहुँले जनाएको छ। गण्डकी प्रदेश सरकारबाट बजेट विनियोजन भएपछि तनहुँमा चालु आर्थिक वर्षमा दुई सय ९५ योजनामध्ये एघार वटा योजना सम्पन्न भएको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख कृष्ण आचार्यले जानकारी दिनुभयो।

साउनदेखि चैत महिनाको हालसम्म नौ वटा मोटर मार्गको स्तरोन्नति र दुई वटा गाडी गुड्ने पक्की पुल निर्माण गरिसकेको छ। ल्होचाडाँडा कृषि पर्यटन सडक अन्तर्गत व्यास-५, म्याग्दे-१,२,३ हुँदै भीमाद नगरपालिका जोड्ने सडक सम्पन्न भएको छ। उहाँका अनुसार व्यास-१० स्थित गोवर्द्धन मार्ग, व्यास-११ को बाराही रानी मार्ग, व्यास-१ को पुरानो छाब्दी मार्ग, व्यास-११ को मुक्तिनारायण मोटर मार्गको स्तरोन्नति कार्य गरिएको छ। त्यसैगरी, घिरिङ- ५ को कामधेनु मोटर मार्ग, म्याग्दे-४ को छाङ-थर्पु मोटरमार्ग, बन्दीपुर-६ को तगारे बाँसपानी साम्दी मोटर मार्ग र भानु नगरपालिकाको बाँके-कवाचित कालीमाटी सडक मार्गको स्तरोन्नति कार्य सम्पन्न भएको छ। कूल तीन सय एघार योजनामध्ये सोह्र वटा योजना रु ३० लाख मुनिका रहेकाले रकमान्तर भई अन्य जिल्लामा सरी गएपछि हाल दुई सय ९५ योजना निर्माण चरणमा रहेको उहाँले बताउनुभयो।

सडक निर्माणका लागि वार्षिक बजेट रु बाह्र अर्ब पैँतिस करोड ९७ लाख ३० हजार रहेको छ। योजनाको हाल ३१.५३ प्रतिशत वित्तीय प्रगति भएको सो कार्यालयले जनाएको छ।

# बागलुङमा एक लाख ३१ हजारभन्दा बढी पशुचौपायालाई खोप

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ बैशाख

बागलुङमा एक लाख ३१ हजारभन्दा बढी पशुचौपायालाई विभिन्न रोगविरूद्धका खोप लगाइएको छ।

जिल्लाका १० स्थानीय तहमध्ये छ पालिकामा कुकुर, भैँसी, राँगा, गोरु, बाख्रा र बङ्गुरलगायत एक लाख ३१ हजार पाँच सय ७४ पशुचौपायालाई विभिन्न रोगविरुद्धका खोप लगाइका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङका प्रमुख ऋषिराम सापकोटाले जानकारी दिनुभयो। सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारसँगको समन्वयमा १० पालिकाका दुई लाख ३५ हजार पशुचौपायामा खोरेत, रेबिज, चर्चरे, भ्यागुते, पिपिआर र स्वाइन फिवरलगायत रोगविरुद्धका खोप लगाउने खोप लगाउने लक्ष्यसहित खोप अभियान सञ्चालन गरिएको सापकोटाको भनाइ छ। गत माघदेखि सुरू गरिएको अभियानखन्तर्गत हालसम्म ढोरपाटन र जैमिनी नगरपालिका तथा निसीखोला, तमानखोला र बरेङ गाउँपालिका क्षेत्रमा खोप लगाइसकिएका केन्द्रका पशु स्वास्थ्य अधिकृत केशवराज शर्माले जानकारी दिनुभयो। तथ्याङ्कअनुसार हालसम्म १८ हजार दुई सय ९६ गोरु र २९ हजार छ सय १५ राँगाभैँसीलाई खोरेत, ६४ हजार दुई सय १७ बाख्रा र १० हजार पाँच सय ३२ भेडालाई पीपीआर, सात सय २८ बङ्गुरलाई स्वाइनफिवर र छ सय ८८ बङ्गुरलाई खोरेतविरुद्धको खोप लगाइएको छ। त्यसैगरी छ पालिकाका सात हजार चार सय ९८ कुकुरलाई रेविजविरुद्धको खोप लगाइएको पनि शर्माको भनाइ छ। हाल गलकोट नगरपालिका र ताराखोला गाउँपालिकामा खोप अभियान सञ्चालन भइरहेका र वैशाख १८ गतेदेखि बागलुङ नगरपालिका र काठेखोला गाउँपालिका क्षेत्रका पशुचौपायामा खोप लगाउन सुरू गरिने कार्यालय प्रमुख सापकोटाले जानकारी दिनुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २५ सुइखेत कालिका चोक देखि मगरबस्ती सम्मको नाला निर्माण गर्नको लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सुइखेत कालिका चोकदेखि मगरबस्ती सम्मको नाला निर्माण
ठेगानाः पोखरा-२५
योजना सुरु मिति : २०८०/११/२३ गते
योजना सम्पन्न हुने मिति : २०८१/०१/३१ गते
योजनाको कुल लागत : रु ११,११,१११/११
महानगरपालिका बाट : रु १०,००,०००/-
जनसहभागिता : रु १,११,१११/११
उपभोक्ता समिति अध्यक्षः चन्द्रबहादुर भुजेल
समिति संख्या : ७, महिला संख्या : २

**सुइखेत कालिका चोकदेखि मगरबस्ती सम्मको नाला निर्माण उपभोक्ता समिती, पोखरा-२५, कास्की**

# एसओएस पोखरामा विद्यार्थी परिषद् पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

पोखरा १७ घारीपाटनमा रहेको एसओएस हर्मन माइनर विद्यालय पोखरामा शैक्षिक वर्ष २०८१ का लागि विद्यार्थी परिषद् गठनसँगै पदस्थापन गरिएको छ। प्रजातान्त्रिक पद्धतिबाट विद्यार्थीद्वारा मतदान गरेर निर्वाचित भएको परिषद्को सोमबार औपचारिक कार्यक्रमको आयोजना गरी पदस्थापन गरिएको विद्यालयका नेपाली शिक्षक अमृत घिमिरेले जानकारी दिए।

पदस्थापन कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य फुर्बु ठिन्लेले परिषद्को सफल कार्यकालको शुभकामना व्यक्त गरे। विद्यार्थीको गहना अनुशासन भएको उल्लेख गर्दै उनले शैक्षिक र सहक्रियाकलापसँगै विद्यालयमा सुन्दर वातावरण सिर्जना गर्न परिषद्को महत्त्वपूर्ण भूमिका हुनेमा जोड दिए। विजयीलाई बधाई दिँदै उनले सहकार्य र समूहगत सहभागिताले विद्यालयको शैक्षिक विकासमा उल्लेखनीय भूमिका रहने बताए।

सो अवसरमा विद्यार्थीबाट निर्वाचित भएका स्कुल क्याप्टेन लोब्साङ छिरिङ र केल्साङ ल्हामो गुरुङले प्रतिबद्धता जनाउँदै आफ्नो भनाइ राखेका थिए। मतदानबाट चयन भएका स्कुल प्रिफेक्टहरूमा छात्रतर्फ यासी दोर्जे, तेन्जिन छिरिङ, छिरिङ दोर्जे र सोनाम साङ्पो रहेका छन्। त्यसैगरी छात्रातर्फ ल्हामो छिरिङ, दावा नाम्डु शेर्पा, कृषला राना र पासाङ डोल्मा गुरुङ चयन भएका छन्। परिषद्का सदस्यहरूले प्रतिबद्धता वचन वाचन गर्दै विद्यालयको गरिमा र इज्जत उँचो राख्न हरसम्भव प्रयास गर्नेमा जोड दिए। सो अवसरमा उनीहरूले एसओएसको शैक्षिक गुणस्तर कायम राख्न लगनशील भएर हर सम्भव प्रयास गरिरहने प्रतिबद्धता जनाए। यसैगरी पदस्थापन कार्यक्रममा विद्यालयका हरेक कक्षाका छात्र/छात्रा मनिटर, होस्टल प्रिफेक्ट, हाउस क्याप्टेनलाई व्याच र खादाले स्वागत तथा सम्मान गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरिएको थियो। विद्यालयका शिक्षक को-अर्डिनेटर द्वय गोविन केसी र उर्गेन दावाले मन्तव्य राखेको कार्यक्रम शिक्षिक छिरिङ युडोनले सञ्चालन गरेकी थिइन्।

# मौलिकता संरक्षणमा व्यास नगरपालिका

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ बैशाख

चार वेद अठार पुराणका रचयिता भगवान् वेदव्यासको जन्मभूमिबाट नै नामकरण भएको व्यास नगरपालिका मौलिकता संरक्षणमा जुटेको छ। नगरपालिकाभित्रको मौलिकता संरक्षणका लागि 'व्यास नगर प्रज्ञासभा' गठन गरेको छ।

व्यास नगर प्रज्ञासभा प्रतिष्ठान ऐन २०७९ अनुसार विसं २०८० चैत २२ गते बसेको नगरपालिकाको कार्यापालिका बैठकबाट 'व्यास नगर प्रज्ञासभा' गठन गरी मौलिकता संरक्षणलाई प्राथमिकताका साथ अघि बढाउन लागिएको नगर प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो।

नगरपालिकाभित्रको मौलिकता संरक्षणमा सम्बद्ध सम्पूर्ण विधालाई समेटेर प्रज्ञासभा सदस्य मनोनयन गरी नगरपालिकाको मौलिकता संरक्षण र प्रवर्द्धनमा जुट्नुपर्ने आवश्यकता रहेकाले पूर्णता दिने दायित्व पूरा गर्ने तयारीमा जुटेको उहाँले बताउनुभयो। व्यास नगरअन्तर्गत सांस्कृतिक, कला, पुरातत्वलगायतका विषयको संरक्षण एवं प्रवर्द्धन गर्न सभाले भूमिका खेल्ने उहाँको भनाइ छ। उहाँका अनुसार सभाका सदस्यले नगरपालिकाको मौलिकताको संरक्षणका लागि सोध, खोज र अनुसन्धान गरी धार्मिक, ऐतिहासिक विषयलाई समेटेर आगामी आर्थिक वर्षको बजेटमा व्यवस्थापन गरिनेछ। नगर प्रमुख न्यौपानेले भन्नुभयो, "नगरपालिकामा बनेका कङ्क्रिटका घर होइन यहाँको लोक कला, संस्कार, संस्कृति जस्ता मौलिकतालाई आर्थिक पाटोसँग जोड्ने प्रयास गर्नेछौँ। यसले नै पर्यटक आकर्षित गरी आयस्तर वृद्धि गर्न सकिनेछ।

यसमा प्रज्ञासभा सदस्यले भूमिका खुल्नुहुनेछ।" सभाका सदस्यको सहयोगमार्फत् नगरपालिकाभित्रका सांस्कृतिक, धार्मिक, कला, साहित्य, संस्कार, संस्कृति, इतिहास, पुरातत्व लगायतका मौलिकताको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्ने नगर प्रमुख न्यौपानेको विश्वास छ। नगरपालिकाभित्रका अति लोपोन्मुख हुन लागेका जाति, संस्कार, संस्कृति, क्षेत्रको शोध तथा अनुसन्धान गरी उक्त क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि बजेट प्रस्ताव गर्न पाउने प्रावधान रहेको उहाँले जानकारी दिनुभयो। प्रज्ञासभा सदस्यले छनोट गरेका विषयलाई नगर कार्यापालिकाको बैठकमा प्रस्ताव गरी बजेट व्यवस्थापन गर्ने व्यवस्था रहेको छ। सोही अनुसार छनोट भएको विषयको विकास, प्रवर्द्धन र पर्यटकलाई आकर्षित गर्ने वातावरण तय गर्न सकिने प्रावधान ऐनमा रहेको छ। प्रज्ञासभा सदस्यले लोपोन्मुख संस्कृति संरक्षण, नगरपालिकाभित्रको साहित्य, संस्कृतिको परिचय पुस्तिका, साहित्यिक गतिविधि, मठ मन्दिर, गुम्बा, चैत्य, देउराली, ऐतिहासिक क्षेत्र, पर्यटन क्षेत्र, चाड, पर्व, संस्कार, संस्कृति, नाच, नचरी, खाना, वेषभूषा, गीत, गजल, भजन, चलचित्र, अनलाइन, वेबसाइट, व्यासभित्रका प्राज्ञ/विज्ञ जो स्वदेश विदेशमा कार्यरत छन् तिनको पहिचान गरी सहायता लिनुपर्ने सुझाव दिएको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार मानव बस्ती, लोककला संस्कृति, लोक कला सङ्ग्रहालय, व्यास नगरभित्रका अनुसन्धानकर्ता लेखक, सर्जकका सिर्जना र कृतिको खोजी सङ्कलन, भाषा शिक्षण प्रशिक्षण, साहित्य र कलाको विकासका लागि प्रशिक्षण, व्यास ऋषिको कृति र योगदान, वृत्तचित्र, पुरातात्विक विषयको संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्ने गरी योजना बनाउने भूमिका प्रज्ञा सभा सदस्यले निर्वाह गर्नेछन्। नगरपालिकाले ३५ जना प्रज्ञासभा सदस्य नियुक्त गरेको जनाइएको छ।

# हुलाकलाई व्यावसायिक बनाउन सरोकारवालाको जोड

**पोखरापत्र संवाददाता**
गोरखा, १७ बैशाख

हुलाक सेवालाई सेवासँगै व्यावसायिक बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। हुलाक सेवा विभागको आयोजनामा हुलाक निर्देशनालय कास्कीअन्तर्गतका १७ जिल्लाका हुलाक कार्यालयका प्रतिनिधि र सरोकारवालाबीच आज आयोजित अन्तरक्रियाका सहभागीले हुलाकलाई सेवाका रूपमा मात्र अगाडि बढाउँदा यसको सुदृढीकरण नहुने बताएका हुन्।

हुलाक सेवालाई कागजात मात्र बोक्ने कार्यालयका रूपमा हेर्दा यसको महत्व र गरिमा घट्दै गएको सहभागीको टिप्पणी छ। अन्तरक्रियामा बोल्दै जिल्ला समन्वय समिति गोरखाका प्रमुख मोहनबहादुर थापामगरले हुलाक कार्यालय रुग्ण उद्योग जस्तै बनेको बताउनुभयो। उहाँले सेवाग्राहीले विश्वास गर्ने स्तरको बनाउन सुझाव दिनुभयो। देश सङ्घीय संरचनामा जाँदा समेत हुलाक अझै विसं २०२८ सालको संरचनामा चलिरहेको उहाँको भनाइ थियो। "हुलाकलाई अब व्यावसायिक बनाएर अगाडि लैजानुपर्छ," प्रमख थापामगरले भन्नुभयो, "राज्यको लगानी चार अर्ब हुने र आम्दानी ३० करोड हुने स्थितिले हुलाक चल्न सक्दैन।" गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरले आधुनिक सञ्चार प्रविधिको विकाससँगै हुलाक सेवा साँघुरिँदै गएकाले हुलाकले सेवालाई आधुनिक बनाउनुपर्नेमा जोड दिनुभयो। "हुलाक सञ्चारको एक महत्वपूर्ण माध्यम हो," उहाँले भन्नुभयो, "सञ्चारमा भएको विकाससँगै हुलाक सेवा बृहत हुँदै जानुपर्ने थियो त्यसो हुन सकेन।" उहाँले हुलाक सेवालाई पुनःसंरचना गरी व्यवस्थित रूपमा सञ्चालन गर्न सके सरकारीस्तरबाट सुलभ सेवा दिनसक्ने बताउनुभयो। हुलाक सेवाले दिने प्रकृतिको सेवा बजारमा निजी क्षेत्रले दिएर मनग्य आम्दानी गरेकाले हुलाक व्यवस्थित गर्न सके निजी क्षेत्रभन्दा उत्कृष्ट सेवा जनतालाई दिन सकिने उहाँले बताउनुभयो। "हुलाक सेवामा काम नहुने र कर्मचारीसमेत पदोन्नतिका लागि अध्ययन गर्न हुलाक कार्यालयमा सरुवा जाने प्रवृत्ति सुनिन्छ," उहाँले भन्नुभयो, "यसले हुलाक कार्यालयप्रतिको आकर्षण घटाएको अनुभूति हुन्छ, हुलाकमा जाने कर्मचारी फुर्सद मिलाउन नभई काम गर्न जाने सोचको विकास गर्नु जरुरी छ।" त्यस्तै, गोरखाका निमित्त प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले हुलाक सेवालाई प्राधिकरणमा लैजाने वा विभागअन्तर्गत राख्ने भन्नेमा स्पष्ट नीतिगत व्यवस्था गरेर पुनःसंरचना गर्नुपर्ने बताउनुभयो। हुलाक सेवा विभागका निर्देशक ध्रुवराज आर्चायले हुलाक सेवाले इतिहास बोकेको भए पनि वर्तमानलाई पछ्याउन नसकेको स्वीकार्नुभयो। "हुलाक सेवा कि खारेज हुने हो वा सच्चिएर, जाने हो भन्ने अवस्था छ," उहाँले भन्नुभयो, "यी दुई विकल्पमध्ये एउटा विकल्प रोज्नै पर्ने अवस्थामा अहिले हुलाक सेवा पुगेको छ।"कार्यक्रममा नेपाल पत्रकार महासङ्घ गोरखा शाखाका कार्यवाहक अध्यक्ष नरेन्द्र ढकालले प्रेस काउन्सिल र सूचना विभागले गर्दै आएको पत्रपत्रिका दर्ता, नवीकरण, लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने काम हुलाकले गर्नसक्ने गरी सेवा दिनुपर्ने बताउनुभयो।

# गण्डकीका चार सय ६७ स्थानमा डढेलो

**रामबहादुर थापा**
गण्डकी, १७ बैशाख

गण्डकी प्रदेशका विभिन्न चार सय ६७ स्थानमा डढेलो लागेको छ। प्रदेश वन निर्देशनालयका अनुसार हालसम्म करिब आठ हजार दुई सय ७७ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित बनेको छ । सुक्खा याम लम्बिँदा डढेलोका घटना अझै बढ्ने देखिएको निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाले बताउनुभयो ।

हिमालपारिको जिल्ला मुस्ताङबाहेक प्रदेशका दसवटै जिल्लामा डढेलोका घटना भएको निर्देशनालयले जनाएको छ। सबैभन्दा बढी नवलपुरमा झण्डै २५ सय ५३ हेक्टर र सबैभन्दा कम मनाङमा दुई हेक्टर वन क्षेत्रमा डढेलो लागेको हो । सबैभन्दा बढी म्याग्दीमा ८१ र मनाङमा एक स्थानमा डढेलो लागेको वन अधिकृत थापाले बताउनुभयो । नवलपुरमा ८० स्थानमा, पर्वतमा ५५, बागलुङमा ५२, स्याङ्जामा ५२, गोरखामा ५१, कास्कीमा ४५, तनहुँमा २६ र लमजुङमा २४ स्थानमा डढेलो लागेको उहाँको भनाइ छ । नवलपुरपछि सबैभन्दा बढी बागलुङमा १६ सय ८५ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित बनेको छ । पर्वतमा १४ सय १६ हेक्टर, म्याग्दीमा नौ सय २२, कास्कीमा सात सय ५०, स्याङ्जामा चार सय ९७, गोरखामा दुई सय १५, तनहुँमा एक सय ८४ र लमजुङमा ५१ हेक्टर वन क्षेत्रमा डढेलो लागेको निर्देशनालयले जनाएको छ। डढेलोले धनजनकोसमेत क्षति निम्ताएको वन अधिकृत थापाले बताउनुभयो । बागलुङको तमानखोला गाउँपालिकामा डढेलो निभाउने क्रममा एक जनाको ज्यान गएको र दुई जना घाइते भएको उहाँको भनाइ छ । ताराखोला गाउँपालिकामा स्थानीयवासीको घरगोठ जलेको र पशुधनको क्षति भएको उहाँले बताउनुभयो । म्याग्दीमा पनि डढेलो नियन्त्रणमा लिने क्रममा एक जना घाइते भएको जनाइएको छ । निर्देशनालयका अनुसार डढेलोबाट नवलपुरमा ८५ क्यूफिट काठ र एक चट्टा दाउरा क्षति भएको छ। वन क्षेत्रमा हुने बोटबिरुवा, वन्यजन्तु, काठ र दाउराको क्षति भने आँकलन नै गर्न नसकिने वन अधिकृत थापाले बताउनुभयो । "डढेलोले वन क्षेत्रमा बर्सेनि ठूलो नोक्सानी भइरहेको हुन्छ, डढेलो अनियन्त्रित भएर मानव बस्तीतिर सर्दा पनि धनजनकोसमेत क्षति हुन्छ", उहाँले भन्नुभयो । डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुर्‍याइरहेको वन अधिकृत थापाले बताउनुभयो । नेपालमा मुख्य गरी फागुनदेखि जेठसम्ममा डढेलोका घटना बढी हुने गरेको उहाँको भनाइ छ। वन तथा वातावरण मन्त्रालयका उपसचिव प्रकाश थापाले गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो छिटो फैलने गरेको उहाँको भनाइ छ । हिउँदे वर्षा नहुनु, हावाहुरीको याम जस्ता कारणले पनि डढेलोले प्रश्रय पाउने गरेको उपसचिव थापाले बताउनुभयो। मानवीय कारणले नै डढेलो लाग्ने गरेको उहाँको भनाइ छ। "५८ प्रतिशत जानीजानी, २२ प्रतिशत लापरबाही र २० प्रतिशत डढेलो दुर्घटनावश लाग्ने गरेको विभिन्न अध्ययनले देखाएको छ", उपसचिव थापाले भन्नुभयो, "पछिल्लो समय वन व्यवस्थापनका क्रियाकलाप घट्दा पनि डढेलोको प्रकोप बढिरहेको देखिन्छ।"

आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछ भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यो अनियन्त्रित भई डढेलोको रुप लिने गरेको उहाँको भनाइ छ। वन डढेलोका बहुअसर रहेको उपसचिव थापाले बताउनुभयो । "डेढेलोले जैविक विविधतामा ह्रास ल्याउनुका साथै वातावरणीय प्रदुषण निम्त्याउँछ", उहाँले भन्नुभयो, "डढेलो लाग्दा हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनमा भूमिका खेलिरहेको हुन्छ ।" डढेलोले माटोको प्राङ्गारिक तत्व नष्ट हुने, जनजन्तुको बासस्थान नासिनेलगायतका समस्या निम्तने गरेको उहाँको भनाइ छ । डढेलोले भू-क्षय, बाढीजस्ता प्राकृतिक विपतका घटना पनि बढाउने उपसचिव थापाले बताउनुभयो । बर्सेनि बढीरहेको डढेलोको प्रकोप नियन्त्रणका लागि राज्यले प्रयाप्त जनशक्ति, उपकरण र स्रोतसाधनको प्रबन्ध गर्नुपर्ने उपसचिव थापाले बताउनुभयो । डढेलो लगाउने व्यक्तिलाई कानुनबाट दण्डित गर्ने गरिएपनि यसमा कमी आउन नसकेको उहाँको भनाइ छ । जनचेतना फैलाउने र प्रचारप्रसारका काम गर्नुपर्ने उहाँले बताउनुभयो । सुक्खायामपूर्व नै डढेलो संवेदनशील क्षेत्रबाट पातपतिङ्गरलगायत जल्ने पदार्थ हटाउनुपर्ने उपसचिव थापाले बताउनुभयो। "वनमा अग्नि रेखाको निर्माण, सरसफाइ जस्ता कार्य नियमित गर्नुपर्छ", उहाँले भन्नुभयो, "डढेलो नियन्त्रणका लागि जनसहभागिता जुटाउनुपर्छ।"

# आठौं पोखरा स्पोर्ट्स अवार्डका लागि ४ विधामा मनोनयन सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख




'आठौं पोखरा स्पोर्ट्स अवार्ड २०८०' को लागि ४ विधामा मनोनयन सार्वजनिक भएको छ । स्पोर्टस् अवार्डको ४ विधाको मनोनयन आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरामा पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरेको हो। सोमबार पोखराको लेकसाइडस्थित बुमऱ्याङ रेष्टुरेण्ट एण्ड मुस्ताङ बारमा आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पत्रकार सम्मेलनको आयोजना गरेर मनोनयन सार्वजनिक गरेको हो।

यही वैशाख २८ गते शुक्रबार पोखरा सभागृह हलमा आयोजना हुने अवार्डअन्तर्गत मनोनयनको वर्ष खेलाडी पुरुष विधामा क्रिकेटका अर्जुन कुमाल, टेनिसका प्रदीप खड्का र भलिबलका हिमाल सुनारी मनोनयनमा परेको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । वर्ष खेलाडी महिला विधामा आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर मनोनयनमा स्थान बनाए। १७ वर्ष मुनिका खेलाडीबीच प्रतिष्पर्धा हुने उदियमान खेलाडी विधामा क्रिकेटकी ज्योत्सनिका मरासिनी, व्याडमिन्टनकी दिलासा राना र एथलेटिक्सका बादल कार्की समावेश बने । उत्कृष्ट प्रशिक्षक विधामा टेनिसका नीरज थापा, भलिबलका रमेश केसी र क्रिकेटका रिजन प्रजु पर्न सफल भएको महासचिव पौडेलले खुलाए । स्पोर्ट्स अवार्डमा कुल ७ विधामा अवार्ड प्रदान गरिनेछ । बाँकी विधाहरु लाइफटाइम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेल संघ वा क्लब र पत्रकारिता अवार्डको घोषणा पछि सार्वजनिक गर्ने जनाएको छ।

वर्ष खेलाडी पुरुष र महिला हुन सफल खेलाडीले इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने मञ्चका अध्यक्ष दीननाथ बरालले जानकारी दिए । लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ । वर्ष उत्कृष्ट उदियमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक,वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबतर्फका विजेताले नगद ३५ हजार सहित ट्रफी पाउने अध्यक्ष बरालले बताए। उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिने समेत मञ्चले जनाएको छ। मञ्च अध्यक्ष बरालको अध्यक्षतामा भएको पत्रकार सम्मेलन तथा मनोनयन सार्वजनिक समारोहमा मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव पौडेलले बोलेका थिए। मञ्चले स्पोर्ट्स अवार्डलाई बृहत् बनाउन मञ्चका अध्यक्ष बरालको संयोजकत्वमा मूल आयोजक समिति गठन गरेको जनाएको छ । मुल आयोजक समितिको सह-संयोजकमा मञ्च उपाध्यक्ष श्रेष्ठ रहेका छन् । यसका अलावा विभिन्न ११ वटा उपसमितिका संयोजक र सह-संयोजक समेत चयन गरिएको छ। जस अनुसार आर्थिक संकलन उपसमितिको संयोजक कविता घर्ती मगर र सह-संयोजक शशी कुमार पौडेललाई जिम्मेवारी दिइएको छ । प्रचार प्रसार उपसमितिको संयोजकमा मञ्चका महासचिव पौडेल, सह-संयोजकमा विजय नेपाल र सदस्यहरुमा रिखिराम जिसी, धन बहादुर गुरुङ सुमन, विजय नेपाली रहेका छन् । अन्तराष्ट्रिय समन्वय उपसमितिको संयोजकमा केशव पाठक र सह-संयोजकमा सुदर्शन रन्जित, स्वागत सत्कार उपसमितिको संयोजकमा एकराज गिरी र सह-संयोजकमा फडिन्द्र अकिञ्चन रहेका छन् । स्वयंसेवक परिचालन उपसमितिको संयोजकमा मान बहादुर घर्ती र सह संयोजकमा राम गुरुङ, फोटोग्राफी तथा भिडियोग्राफि उपसमितिको संयोजकमा उमेश पुन र सह-संयोजकमा बसन्त शेर्पा रहेका छन् । मञ्च व्यवस्थापन समितिको संयोजकमा सन्देश श्रेष्ठ र सह-संयोजकमा धन बहादुर गुरुङ सुमन, सांस्कृतिक कार्यक्रम उपसमितिको संयोजकमा मन क्षेत्री र सह-संयोजकमा सुशिल नेपाली छन् । संघ संस्था समन्वय उपसमिति संयोजकमा रोहितराज पराजुली र सह-संयोजकमा कृष्ण दवाडी, मुल्याकंन तथा अनुगमन उपसमिति संयोजकमा रामकृष्ण ज्ञवाली र सह-संयोजकमा गणेश बराल (ढाकामोहन), क्विक रेसपोन्स उपसमिति संयोजकमा राजु गिरी र सह-संयोजकमा अर्जुन गाहा सुशान्त रहेका छन् ।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गर्नेछ। पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषदले सघाउनेछन् । प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिर्सोट एण्ड स्पा रहेको छ।

यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर ग्रुप्र अफ पोखरा नेपालले प्रायोजन गर्ने सम्झौता भएको छ। यसका अलावा टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता योमामा ई मोर्टस् प्रा.लि., सहारा क्लब पोखरा, साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, केसी ग्रुप/आभ्या क्लब, मादी गाउँपालिका, बुमराङ रेष्टुरेन्ट लेकसाइड, नेपाल भुतपूर्व खेलाडी मञ्च, रुपा गाउँपालिका, निसीखोला गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका, गण्डकी प्रदेश क्रिकेट संघ, इन्द्रधारा विष्ट (मुस्ताङ गल्फकोर्ष), लक्ष्मी हाउस प्रालि, श्रीसिक्स इञ्जिनियर रेजिमेट एण्ड क्यूजिईका संयोजक क्याप्टेन कृष्ण पुन, गुरुङ हर्वल व्युटी पार्लर, दीपक थापा (हक्की संघ गण्डकी), पोखरा १५ वडा कार्यालय लगायत सहयोगी रहेका छन् । लाइभ पार्टनरका रुपमा पब्लिक फोर के टेलिभिजनले साथ दिनेछ। सहयोग विवरण आगामी दिनमा जानकारी दिँदै जाने मञ्चले जनाएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको हो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ। खेल क्षेत्रमा उर्जा थप्न मञ्चले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ। मञ्चमा हाल ७४ जना पत्रकार आवद्ध छन् ।

# लोकतान्त्रिक अभ्यासमा मनाङका बालबालिका

**पोखरापत्र संवाददाता**
मनाङ, १७ बैशाख

हिमाली जिल्ला मनाङका बालबालिका लोकतान्त्रिक अभ्यास गरिरहेका छन् । जिल्ला बाल सञ्जाल गठनका लागि लोकतान्त्रिक अभ्यासमार्फत् आफ्ना अधिकार उपयोग गरी अध्यक्ष चयन गरेका छन्।

सतहबाट नै लोकतान्त्रिक अभ्यास सिकाउने उद्देश्यले यहाँका बालबालिकालाई लोकतान्त्रिक पद्धतिबाट निर्वाचन गरी नेतृत्व चयन गरिएको शिक्षा तथा समन्वय विकास एकाई मनाङका प्रमुख मतिलाल चपाईले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयस्तरको सिकाइले भविष्यमा सहज बनाउनेछ । बालबालिकाको अधिकार उपयोगमा सहयोग पुर्‍याउने उद्देश्यले लोकतान्त्रिक अभ्यासमार्फत कार्यक्रम गरिएको सामाजिक विकास कार्यालय मनाङका प्रमुख नारायणप्रसाद बाँस्तोलाले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रविधिको युगमा बालबालिकालाई हक, अधिकार उपयोगमा सैद्धान्तिकसँगै प्रयोगात्मक अभ्यास गरिएको हो ।" राष्ट्रिय बाल परिषद् पुल्चोक ललितपुरका प्रदेश समन्वय अधिकृत बद्रीप्रसाद वाग्लेले बालअधिकार ऐन अनुसार बाल क्लब, सञ्जालको दर्ता तथा व्यवस्थित गर्नुपर्ने व्यवस्था रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बालबालिकालाई निर्वाचनको लोकतान्त्रिक अभ्यास सिकाउनुका साथै बालबालिकालाई आफ्ना हकअधिकार स्थापित गर्न र बालबालिकाको संरक्षित हुने अधिकार कानुनले दिएको छ । सोहीअन्तर्गत रहने गरी गाउँपालिकाले जिल्लाका बालबालिकाले नै नेतृत्व चयन गर्ने गरी जिल्ला बाल सञ्जाल परिकल्पना गरिएको हो । आइतबार र सोमबार गरी नयाँ समिति गठन गरिएको छ ।" समग्र जिल्लाको बालबालिका अधिकारको प्रचारप्रसार र प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको वाग्लेको भनाइ छ । लोकतान्त्रिक अभ्यासले बालबालिकालाई मताधिकारसम्बन्धी सचेतना समेत प्रदान गरेको छ । निर्वाचन समिति संयोजक शिक्षा तथा समन्वय विकास एकाईका प्रमुख मतिलाल चपाईको संयोजकत्वमा अनिता चुदाली र सुनिल राना सदस्य रहनुभएको थियो।

उक्त समितिले चामे गाउँपालिका-४ का पूर्णिमा घलेको अध्यक्षतामा ११ सदस्यीय जिल्ला बाल सञ्जालको पुनःगठन गरेको छ । सञ्जालको उपाध्यक्षमा नासों गाउँपालिका-१ का सुफी गुरुङ, सचिवमा मनाङ डिस्याङ गाउँपालिका-६ का रासिका गोतामे, सहसचिवमा चामे-४ का आदिश गुरुङ र कोषाध्यक्षमा नासों-५ का बुद्धराज घले चयन हुनुभएको छ।

त्यस्तै सदस्यहरुमा मनाङ डिस्याङ-५ का मङ्गल गुरुङ, चामे-४ का समीर गुरुङ, नासों-८ का अनिल गुरुङ, चामे-४ का अन्जु थापा, नार्पाभूमि गाउँपालिका-३ का सृष्टिका लामा र नार्पाभूमि-१ का छिमी लामा निर्वाचित भएका छन् । बालबालिकाको हकअधिकार उपयोग गर्न सिकाउने उद्देश्यले सामाजिक विकास कार्यालय मनाङको समन्वय तथा सहयोगमा कार्यक्रम गरिएको हो।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. २७ चन्द्रकालिका मन्दिर र उकालो बाटो तथा व्यामशाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः चन्द्रकालिका मन्दिर र उकालो बाटो तथा व्यामशाला निर्माण
ठेगानाः पोखरा-२७
योजना सम्झौता मितिः २०८०/११/०८ गते
योजना शुरु मितिः २०८०/११/०९ गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/०१/१५ गते
योजनाको कुल लागतः रु. २३,५३,२८६/७६
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.३,५३,२८६/७६
अध्यक्षः लक्ष्य बहादुर खत्री सम्पर्क नं.: ९८४६०५६०८६
उपभोक्ता समिति सदस्य संख्याः ९ महिला : ३ पुरुषः ६
योजना अनुगमन समिति संयोजकः सूर्य बहादुर वाग्ले

**चन्द्रकालिका मन्दिर र उकालो बाटो तथा व्यामशाला निर्माण उपभोक्ता समिति पोखरा-२७**

# बजेट अभावले एकीकृत मिलन बस्ती निर्माणमा ढिलाइ

**पोखरापत्र संवाददाता**
गोरखा, १७ बैशाख

भूकम्पपीडितलाई स्थानान्तरण गर्न निर्माण थालिएको गोरखाको भीमसेन थापा गाउँपालिका-५, लामाचौरस्थित एकीकृत मिलन बस्ती निर्माण कार्यमा ढिलाइ भएको छ।

धाँजो फाँटेर जोखिमपूर्ण अवस्थामा रहेको बस्तीमा २०७२ वैशाखमा गएको भूकम्पले थप क्षति पुगेपछि रिठ्ठेपानी, धरमपानी, पाण्डेगाउँ, डाँडागाउँ र नयाँबस्तीका भूकम्पपीडितलाई पुनःस्थापना गर्न सुरु गरेको झण्डै आठ वर्ष बितिसक्दा पनि अझैसम्म बस्ती निर्माण हुन सकेको छैन । स्थानीयकै पहलमा २०७३ पुसदेखि लामाचौरमा बस्ती निर्माण थालिएको भए पनि बजेटको अभावमा काम सम्पन्न हुन नसकेको एकीकृत मिलनबस्ती पुनःनिर्माण तथा विकास समितिका अध्यक्ष सुककुमार श्रेष्ठले जानकारी दिनुभयो । "सरकारले उपलब्ध गराउने रु तीन लाख अनुदानसहित अपुग रकम घरधनीबाट पनि सङ्कलन गर्ने र केही आर्थिक सहयोग जुटाएर बस्ती निर्माण गर्ने योजना बनाइएको थियो", उहाँले भन्नुभयो, "पहिलो किस्ताको रकम प्राप्त गर्न ढिलाइ हुने भएपछि ऋण नै खोजेर काम थाल्नुपर्ने बाध्यता भयो, अहिले ऋण पनि बढ्दै गएको छ, बस्ती निर्माण पनि सम्पन्न गर्न सकिएको छैन ।" बस्ती निर्माण गर्न लामाचौरमा एक सय पाँच रोपनी जमिनमा प्रतिपरिवारलाई करिब ६ आना जग्गा पुग्ने गरी एक सय ३८ घर निर्माण थालिएको थियो । "निर्माण थालिएकामध्ये ९० घर निर्माण भइसकेका छन्", अध्यक्ष श्रेष्ठले भन्नुभयो, "पचास घरमा अहिले स्थानीय बस्न थालिसकेका छन् ।" उहाँले बाँकी रहेका घर निर्माणकै प्रक्रियामा रहेको बताउनुभयो ।

कतिपय घरधनीबाट प्रतिबद्धता गरेअनुसारको रकम प्राप्त हुन नसक्दा पनि समस्या भएको अध्यक्ष श्रेष्ठको भनाइ छ। "निर्माण हुन बाँकीमध्ये केहीको अन्यत्रै घर भएकाले एकीकृत मिलन बस्तीमा घर बनाउन नचाहेको अवस्था छ", उहाँले भन्नुभयो, "तत्काल केही घर नबनाई नहुने अवस्था छ, बजेट नहुँदा समस्या भएको छ।" घरधनीले प्रतिबद्धता गरेअनुसारको रकम उठे ऋण तिर्न नसके पनि तत्काल बनाउनुपर्ने अवस्थामा रहेका बाँकी घर बनाउन सकिने समितिले जनाएको छ । उहाँले बाँकी रहेका घर निर्माण गर्न आर्थिक स्रोतको खोजी भइरहेको बताउनुभयो। "घर निर्माण गर्न तत्काल बजेट प्राप्त हुने अवस्था देखिएन," अध्यक्ष श्रेष्ठले भन्नुभयो, "अन्यत्रबाट भए पनि आर्थिक स्रोत जुटाउन सकिन्छ की भनेर लागिपरेका छौँ ।" बस्तीमा प्रत्येक परिवारका लागि चार कोठाको दुईतला भएको घर निर्माण गरिएको छ । एउटा घर निर्माण गर्दा करिब रु छ लाख ५० हजारभन्दा बढी खर्च भएको समितिले जनाएको छ। बस्तीभित्र विद्युत्, सडक, खानेपानी तथा ढल निर्माण लगायतका काम भइरहेका छन् । तीस वटा घर 'अक्सफाम' नामक गैरसरकारी संस्थाको सहयोगमा निर्माण गरिएका हुन् ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. २८ विमिरापानीमा सुर्केमैदान विमिरापानी खहरे सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सुर्केमैदान विमिरापानी खहरे सडक निर्माण
ठेगानाः पोखरा-२८, विमिरापानी
योजना सम्झौता मितिः २०८०/०८/२५ गते
योजना शुरु हुने मितिः २०८०/०८/२६ गते
योजना सम्पन्न मितिः २०८०/१२/२० गते
योजनाको कुल लागतः रु. २७,७७,८३६/-
महानगरपालिकाबाटः रु.२५,००,००० /-
जनसहभागिताबाटः रु.२,७७,८३६/-
उपभोक्ता समिति अध्यक्षः राधिकादेवि पौडेल
सचिवः बालकृष्ण त्रिपाठी

**सुर्केमैदान विमिरापानी खहरे सडक निर्माण उपभोक्ता समिति पोखरा-२८, विमिरापानी**